खोटेहाङ गाउँपालिका

# विनियोजन ऐन, २०७८

गाउँसभा बाट स्वीकृत मिति : २०७८/०३/१०

खोटेहाङ गाउँपालिका
खोटाङ जिल्ला
१ नं प्रदेश

# विनियोजन ऐन

खोटेहाङ गाउँपालिका, खोटाङको आर्थिक बर्ष २०७८।०७९ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावना** : खोटेहाङ गाउँपालिका, खोटाङको आर्थिक बर्ष २०७८।०७९ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम खोटेहाङ गाउँपालिका, खोटाङको गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** :

(१) यस ऐनको नाम **"खोटेहाङ गाउँपालिकाको विनियोजन ऐन, २०७८"** रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **आर्थिक वर्ष २०७८/०७९ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार** :

(१)आर्थिक बर्ष २०७८।०७९ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लेखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ५१,६६,३२,१२०।०० (अक्षेरुपी रुपैयाँ एकाउन्न करोड छैसट्ठी लाख बत्तिस हजार एक सय बीस) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३ . **विनियोजन** :

(१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७८।०७९ को निमित्त खोटेहाङ गाउँपालिका, खोटाङको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतवाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

प्रदीप राई
गाउँपालिका अध्यक्ष

# अनुसूची : १

नेपालको संविधानको धारा २२९ (२) बमोजिम सञ्चित कोषबाट विनियोजन हुने रकम(दफा २ संग सम्बन्धित)

**खोटेहाङ गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

आर्थिक बर्ष २०७८/०७९ को आय तथा व्ययको प्रक्षेपण

| आय तर्फ | | | व्यय तर्फ | | | |
|---|---|---|---|---|---|---|
| आय शिर्षक | | आर्थिक बर्ष २०७८/०७९ को वास्तविक आय रकम | खर्च शिर्षक नं | व्यय शिर्षक | आर्थिक बर्ष २०७८/०७९ को प्रस्तावित व्यय रकम | रकम अक्षरमा |
| **संघीय सरकारको अनुदान** | वित्तीय समानीकरण | १००२००००० | २११११ | पारिश्रमिक कर्मचारी | १४०००००० | एक करोड चालिस लाख |
| | राजस्व बाँडफाँड | ७६५४३००० | २११३१ | स्थानीय भत्ता | १८००००० | अठार लाख |
| | सशर्त अनुदान | २७९१००००० | २११२३ | औषधी उपचार खर्च | ३००००० | तिन लाख |
| | समपुरक अनुदान | ८५००००० | २११३२ | महंगी भत्ता | १२००००० | बाह्र लाख |
| | विशेष अनुदान | १६६००००० | २११४१ | पदाधिकारी बैठक (कार्यपालिका,गाउँसभा र अन्य) | १२००००० | बाह्र लाख |
| संघीय सरकारको जम्मा अनुदान | | ४८०९४३००० | २१११२ | पदाधिकारी सेवा सुविधा | ६९१२००० | उनानसत्तरी लाख बाह्र हजार |
| **प्रदेश सरकारको अनुदान** | वित्तीय समानीकरण | ५७५५००० | २११२१ | पोशाक भत्ता | ६५०००० | छ लाख पचास हजार |
| | सवारी कर बाँडफाँड | ५११०१२० | २२१११ | धारा पानी विजुली | ३००००० | तिन लाख |
| | सशर्त अनुदान | ९८२४००० | २२११२ | सञ्चार महशुल | ७००००० | सात लाख |
| | समपुरक अनुदान | १००००००० | २१२१२ | योगदानमा आधारित निवृत्तभरण तथा उपदान कोष खर्च | १२००००० | बाह्र लाख |
| | विशेष अनुदान | ० | २८१४२ | घर भाडा | ७००००० | सात लाख |
| प्रदेश सरकारको जम्मा अनुदान | | ३०६८९१२० | २८१४९ | अन्य भाडा (गोदाम गाडी आदि) | ३००००० | तिन लाख |
| **आन्तरिक आम्दानी** | | ५०००००० | २२२११ | इन्धन (पदाधिकारी) | ७००००० | सात लाख |
| जम्मा आन्तरिक श्रोत | | ५०००००० | २२२१२ | इन्धन (कार्यालय प्रयोजन) | ७००००० | सात लाख |
| **गत वर्षको नगद मौज्दात** | | ० | २२२१३ | सवारी साधन मर्मत खर्च | ५००००० | पाँच लाख |
| जम्मा गत वर्षको नगद मौज्दात | | ० | २२२२१ | सञ्चालन तथा मर्मत संभार खर्च | ७५०००० | सात लाख पचास हजार |
| | | | २२२१४ | बिमा तथा नविनरण (सवारी साधन) | ३००००० | तिन लाख |
| | | | २२३११ | मसलन्द तथा कार्यालय सामाग्री खर्च | २१००००० | एक्काईस लाख |
| | | | २२३१३ | पुस्तक तथा सामाग्री खर्च | ५००००० | पाँच लाख |
| | | | २२४१९ | अन्य सेवा शुल्क | १२५००००० | एक करोड पच्चिस लाख |
| | | | २२२११ | अवकास कोष | १५००००० | पन्ध्र लाख |
| | | | २२६११ | अनुगमन मुल्यांकन | २०००००० | बिस लाख |
| | | | २२६१२ | भ्रमण खर्च | १००००० | एक लाख |
| | | | २२७११ | विविध खर्च | २०००००० | बिस लाख |
| | | | २११३९ | अन्य भत्ता (शिशु स्याहार, अतिरिक्त समय भत्ता, दशैं तिहार र पालो पहरा) | २००००० | दुई लाख |
| | | | २१२११ | सामाजिक सुरक्षा कोष (करार, डोर हाजिरी) | ५००००० | पाँच लाख |
| | | | २२६१३ | विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च | २००००० | दुई लाख |
| | | | २२७१२ | सभा सञ्चालन खर्च | ३००००० | तिन लाख |
| | | | २८१४३ | सवारी साधन तथा मेशिन औजार भाडा | ५००००० | पाँच लाख |
| | | | २८९११ | भैपरी आउने चालु खर्च | १५००००० | पन्ध्र लाख |
| | | | २११३४ | कर्मचारीको बैठक भत्ता | ५००००० | पाँच लाख |
| | | | २२३१५ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | १०००००० | दस लाख |
| | | | २२४११ | सेवा र परामर्श खर्च (विज्ञ परामर्श, कानुनी सल्लाहकार) | ५००००० | पाँच लाख |
| | | | २२५११ | क्षमता विकास, परामर्श तालिम खर्च | ५००००० | पाँच लाख |
| | | | २२३११ | वडा कार्यालय संचालन खर्च | ५४००००० | चौउन्न लाख |
| | | | २२४१९ | सामि तलव | ४००००० | चार लाख |
| | | | २११३५ | वा.वि.के प्रोत्साहन | १११८००० | एघार लाख अठार हजार |
| | | | २११३५ | महिला स्वयमसेविका प्रोत्साहन | १२८४००० | बाह्र लाख चौरासी हजार |
| | | | २७२१२ | उद्दार, राहात तथा पुनःस्थापना खर्च | २०००००० | बिस लाख |
| | | | २८२११ | राजश्व फिर्ता | ५००००० | पाँच लाख |
| | | | | प्रशासनिक चालु खर्च | ६९३१४००० | छ करोड त्रियानब्बे लाख चौध हजार |
| | | | २२५२२ | चालु कार्यक्रम | २१२००००० | दुई करोड बाह्र लाख |
| | | | | क. चालु जम्मा खर्च | ९०५१४००० | नौ करोड पाँच लाख चौध हजार |
| | | | | पालिका स्तरीय योजना | ५५६६८०७२.०० | पाँच करोड छप्पन्न लाख अठसठ्ठी हजार बहत्तर |
| | | | | वडा स्तरीय योजना | ४६४२६०४८.०० | चार करोड चौसठ्ठी लाख छब्बिस हजार अठ्चालिस |
| | | | | ख. पुजिगत जम्मा खर्च | १०२०९४१२० | दस करोड बिस लाख चौरानब्बे हजार एक सय बिस |
| | | | | ग. शसर्त अनुदान जम्मा | २८८९२४००० | अठ्ठाईस करोड उनानब्बे लाख चौबिस हजार |
| | | | | शसर्त अनुदान संघ कार्यक्रममा तोकिए बमोजिम | २७९१००००० | सत्ताईस करोड एकानब्बे लाख |
| | | | | शसर्त अनुदान प्रदेश कार्यक्रममा तोकिए बमोजिम | ९८२४००० | अन्ठानब्बे लाख चौबिस हजार |
| | | | | घ. विशेष अनुदान जम्मा | १६६००००० | एक करोड छैसट्ठी लाख |
| | | | | विशेष अनुदान संघ कार्यक्रममा तोकिए बमोजिम | १६६००००० | एक करोड छैसट्ठी लाख |
| | | | | विशेष अनुदान प्रदेश कार्यक्रममा तोकिए बमोजिम | ० | |
| | | | | ङ. समपुरक अनुदान जम्मा | १८५००००० | एक करोड पचासी लाख |
| | | | | समपुरक अनुदान संघ कार्यक्रममा तोकिए बमोजिम | ८५००००० | पचासी लाख |
| | | | | समपुरक अनुदान प्रदेश कार्यक्रममा तोकिए बमोजिम | १००००००० | एक करोड |
| | वास्तविक कुल आय जम्मा | ५१६६३२१२० | | वास्तविक कुल व्यय जम्मा (क+ख+ग+घ+ङ) | ५१६६३२१२० | एकाउन्न करोड छैसठ्ठी लाख बत्तीस हजार एक सय बिस |

प्रदीप राई